| | | | |
|---|---|---|---|
| २५ | प्रशासकिय अधिकृत | श्री दामोदर अधिकारी | |
| २६ | सूचना प्रविधि अधिकृत | श्री सुरेश चौधरी | |
| २७ | ईन्जिनियर (योजना शाखा) | श्री सुमन श्रेष्ठ | |
| २८ | कम्प्युटर टेक्निसियन | श्री संदेश चौधरी | |
| २९ | नगर प्र. हवल्दार | श्री कमल प्रसाद ढुंगेल | |
| ३० | ह.स.चा. | श्री तोयानाथ अधिकारी | |
| ३१ | ह.स.चा. | श्री भिष्म महतो | |
| ३२ | ह.स.चा. | श्री मिन बहादुर पाण्डे | |
| ३३ | कार्यालय सहयोगी | श्री सन्तोष अर्याल | |

**निर्णय नं. १**

यस खैरहनी नगरपालिका र रत्ननगर नगरपालिकाको सिमानामा बग्ने कयर खोलाको ढुंगा, गिट्टी, बालुवा तथा नदिजन्य पदार्थ उत्खनन गर्ने सन्दर्भमा खैरहनी नगरपालिका र रत्ननगर नगरपालिकाको संयुक्त बैठकले IEE परिमार्जन गर्न लगाउने निर्णय मिति २०७८/४/२२ मा गरेको हुँदा मिति २०७८ अषाढ १६ र १७ गते आएको भिषण बाढीले कयर खोलामा प्रशस्त नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) थुपारेकोले आ.व. ०७७/०७८ मा तयार भई स्वीकृत भएको IEE प्रतिवेदनलाई साविककै परामर्श दाता निरवण ईन्जिनियरिंग एंड कन्स्ट्रक्सन प्रा. लि. भरतपुर, चितवन लाई परिमार्जन गर्न लगाई पेश गर्न लगाउने भन्ने निर्णय भए अनुसार परामर्श दाताले मिति २०७८/०५/१६ मा परिमार्जित IEE पेश गरेको हुदा उक्त परिमार्जन गरिएको IEE नगर प्रमुख ज्युको अध्यक्षतामा IEE जाचबुझ तथा पुनरालोकन समितिको बैठकले नगर कार्यपालिका बैठकमा पेश गर्ने सिफारिस भए अनुसार मिति २०७८/५/२० मा बसेको ६४ औ नगरकार्यपालिका बैठकले सधन रुपमा छलफल गरि परिमार्जन समेत गरि परिमार्जित कयर खोलाको IEE स्वीकृत गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका अन्तर्गत औधोगिक ग्रामको सम्भाव्यता अध्ययन गर्ने कार्यमा सरकारी जग्गाको छनौट सम्बन्धि कार्य गर्न खैरहनी नगरपालिका वडा नं. १० कठार कुचकुचे सामुदायिक जंगल नजिक रहेको जग्गा छनौट गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ( औधोगिक पूर्वाधार तथा वातावरण महाशाखा ) सिंह दरबार, काठमाडौं लाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिका अन्तर्गत विकास निर्माणका कार्यहरु समयमै गर्नुपर्ने अवस्था, केन्द्र सरकारबाट, प्रदेश सरकारबाट र नगरपालिकाले आफ्नै आन्तरिक बजेटबाट संचालित योजनाहरुको ल.ई. गर्न, अनुगमन लगायतका कार्यहरु गरि भुक्तानी दिनका लागि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्नको लागि नगरपालिकामा पर्याप्त मात्रामा प्राविधिक कर्मचारीहरुको अभाव भएकोले लोक सेवाबाट सिफारिस भई आएमा स्वत हट्ने गरि २(दुई) जना प्राविधिकहरु (सहायक स्तर चौथो) रिक्त रहेको दरबन्दीमा र हलुका सवारी चालकको दरबन्दी ३(तिन) जना रहेकोमा २ जना पदपूर्ति भईसकेकोले योजना अनुगमन, विद्यालय तथा स्वास्थ्य संस्थाहरुको अनुगमन लगायत कार्यालयको कामको लागि १(एक) जना हलुका सवारी चालकलाई करारमा राख्नुपर्ने भएको हुनाले यी दुवै पदहरु (प्राविधिक सहायक चौथो स्तर २ र हलुका सवारी चालक १) करार सेवामा राखी पदपूर्ति गर्नको लागि पदपूर्ति समितिलाई जिम्मा दिने निर्णय गरियो ।